# तिलोत्तमा राजपत्र

तिलोत्तमा नगरपालिकाद्वारा प्रकाशित

खण्ड १) तिलोत्तमा, माघ महिना २७ गते, २०७४ साल (संख्या १

भाग : १

तिलोत्तमा नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम तिलोत्तमा नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७४ सालको ऐन नं. १

ऐनको नाम : तिलोत्तमा नगरपालिकाको केही कानुन तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४

**प्रस्तावना :** नेपालको संविधान, २०७२ को अनुसूची-८ मा स्थानीय तहलाई दिइएका अधिकारहरूको कार्यान्वयनका लागि संघीय तथा प्रादेशिक कानुनहरू व्यवस्थित भइनसकेको सन्दर्भमा तिलोत्तमा नगरपालिकामा केही आवश्यक कानुन तर्जुमा गरी लागु गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "तिलोत्तमा नगरपालिकाको केही कानुन तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४" रहेको छ ।
(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरसभा" भन्नाले तिलोत्तमा नगरपालिकाको नगरसभा सम्झनुपर्छ

(ख) "नगरपालिका" भन्नाले तिलोत्तमा नगरपालिका सम्झनुपर्छ ।

(ग) "नगरकार्यपालिका"भन्नाले तिलोत्तमा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "केही आवश्यक कानुन" भन्नाले नगरपालिकाबाट तर्जुमा हुने केही आवश्यक कानुनलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## आवश्यक कानुन तर्जुमासम्बन्धी व्यवस्था

३. **नगरपालिकाले आवश्यक कानून तर्जुमा गर्न सक्ने :**

(१) नेपालको संविधानले स्थानीय तहलाई दिइएका अधिकारहरू कार्यान्वयनको सन्दर्भमा संघीय तथा प्रादेशिक कानुनहरू व्यवस्थित नहुँदासम्म नगरपालिकाले ती अधिकारहरू कार्यान्वयनका लागि आवश्यक कानुन तर्जुमा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आवश्यक कानुन तर्जुमा गर्दा ऐनको हकमा नगरसभाबाट र नियम, निर्देशिका,कार्यविधिको हकमा नगर कार्यपालिकाले तर्जुमा गरी लागु गर्न सक्नेछ ।

४ **नियम, निर्देशिका, कार्यविधि तर्जुमा गर्न सक्ने :**

नगर कार्यपालिकाले दफा ३(१) को मान्यतामा प्रतिकूल नहुने गरी संविधानद्वारा आफूलाई प्रदत्त अधिकारहरूको कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गरी लागु गर्न सक्नेछ ।

आज्ञाले

प्रमाणिकरण मिति : २०७४ माघ २७ गते

(कृष्णप्रसाद सापकोटा)
प्रमुख प्रशाकीय अधिकृत